# जातीय समानता तथा छुवाछुत मुक्त पालिका घोषणा कार्यविधि

२०७९

अनुमोदन मिति २०७९ आश्विन २५ गते

शुद्धोधन गाँउपालिकाको कार्यालय

लवनी, कपिलवस्तु

# जातीय समानता तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा कार्यविधि

## २०७९

### प्रस्तावना

वर्तमान युग विज्ञानको यूग हो तर पनि हाम्रा परम्परागत हानीकारक अभ्यासका कारण यस्ता कू प्रथाहरु हाम्रो समाजमा कायमै छन् । यस्ता प्रथाहरुले मानिस मानिस बिचको विभेद र असमानता ल्याएको छ । यसले मानवको सम्मान पूर्वक वाच्ने मौलिक मानव अधिकारको समेत उलंघन गरेको छ । अर्को तर्फ असमानताका कारण समाजमा विभिन्न प्ररकारका हिंसा, जातीय तथा वर्गिय द्वन्दहरु बढिरहेका छन् । त्यसैले मानिस मानिस बीचमा छुवाछुत जस्तो अत्यन्तै हानिकारक परम्पराहरुको अन्त्यका लागि नेपाल सरकारले अन्तराष्टिय प्रतिवद्धता सहित नेपालको संविधानमा समेत उल्लेख गरि यसको अन्त्य गर्नु पर्ने औल्याएको छ । त्यसै गरि दिगो विकास लक्ष्य, प्रन्धौ राष्टिय योजनामा समेत उल्लेख गरिएको छ ।

नेपालमा वि.सं. २०६३ ज्येष्ठ २१ गते जातीय छुवाछूत तथा भेदभावमुक्त राष्ट्र घोषणा भई जातीय छुवाछूत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस मनाउन थालिएको हो । २०६८ साल जेठमा व्यवस्थापिका संसदवाट जातीय विभेद तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ पारित भई कार्यान्वयनमा आएको भएपनि जातीय विभेद तथा छुवाछूतजन्य अपराधवाट स्वतन्त्र हुन पाउनुपर्ने संविधान तथा कानून संरक्षित हकको व्यवहारिक उपभोगको पाटो भने चुनौतिपूर्ण रही आएको छ । खासगरी दलित समूदायका सदस्यहरु अझैपनि छुवाछूतजन्य अपराधवाट पीडित वन्नु परिरहेको स्थिति छ । सामाजिक पूर्वाग्रह, आर्थिक विपन्नता, अशिक्षा, कानूनी चेतनाको अभाव तथा प्रयाप्त कानूनी सहायताको अभावमा पीडितको कानूनी उपचारमा पहुँच स्थापित हुन सकेको छैन ।

छुवाछुत अन्त्य गर्नका लागि स्थानीय सरकारको भूमिकालाई कानूनले समेत विषेश जिम्मेवारी प्रदान गरेको छ । त्यसैले यस पालिकामा रहेको विभिन्न जात तथा धर्मका नाममा गरीदै आएको छुवाछुत प्रथाको अन्त्य गरि पालिका छुवाछुत मुक्त पालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक मार्गदर्शन गर्ने उद्देश्यले छुवाछुत मुक्त गाउँपालिका घोषणा गर्नका लागि यो छुवाछुत गाउँपालिका घोषणा

CamScanner

मार्गदर्शन २०७९ तैयार पारी मायादेबी गाउँपालिकाको कार्यपालिकाले जारी गरि कार्यान्वयन गरिएको छ ।

परिच्छेद १

१.१.नाम र प्रारम्भ

यो मार्गदर्शनको नाम **जातीय समानता तथा छुवाछुत मुक्त शुद्योधन गाउँपालिका घोषणा मार्गदर्शन २०७९** रहने छ । यस निर्देशिका शुद्योधनगाउँ कार्यपालिकाले अनुमोदन पश्चात तुरुन्त लागु हुने छ ।

**१.२. परिभाषा:**

विषय वा प्रशंगले अर्को अर्थ नलागेमा

क. "छुवाछुत" भन्नाले विभिन्न जाती वा धर्म वा लिंग वा अरु यस्तै अन्य कुनै पनि कारणले एक व्यक्ति समूह बीचको खानपिन, पुजा आजा तथा विभिन्न सार्वजनिक कार्यकमहरुमा गरिने सबै प्रकारका विभेद तथा वा प्रचलनहरुलाई सम्झनु पर्दछ ।

ख. "छुवाछुत मुक्त पालिका" भन्नाले स्थानीय शुद्योधन गाउँ पीलका जहाँ कुनै प्रकारको छुवाछुत वा विभेद कुनै पनि व्यक्ति वा समूह नभएको अवस्थालाई सम्झनु पर्दछ ।

ग. "निगरानी समिति" भन्नाले पालिका भित्र छुवाछुत भए नभएको नियमित अनुगमन गर्ने वडा तथा समुदाय तहमा यसै मार्गदशन अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

घ. "पालिका" भन्नाले सम्बन्धित गाँउपालिका र गाउँ कार्यपालिका समेतलाई सम्झनु पर्दछ ।

ङ. "निर्देशक समिति" भन्नाले गाउँ पालिकाको अध्यक्षतामा गठित समितिलाई सम्झनु पर्दछ ।

च. "कार्यविधि" भन्नाले गाउँपालिकालाई पूर्ण छुवाछुत मुक्त बनाउनका लागि पालिकाले जारी गरेको कार्यप्रकृया समेतलाई जनाउने छ

कु० अनिता

छ. "ऐन" भन्नाले जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ संशोधन २०७४ समेतलाई जनाउने छ ।

## परिच्छेद दुई
## विद्यामान कानूनी ब्यवस्था

### २. १. जातीय भेदभाव तथा छुवाछूत विरुद्द अर्न्तराष्ट्रिय प्रतिबद्दता :

अविभेदको सिद्धान्त तथा समानता संयुक्त राष्ट्रसङ्घको बडापत्र, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र सबै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूमा मूलप्रवाहिकृत भएको मानवअधिकारको महत्वपूर्ण प्रत्याभूतीको विषय हो । कुनै खास अन्तर्राष्ट्रिय सन्धि विशेषको पक्षराज्य भएपनि नभएपनि अविभेद र समानताका सिद्धान्तहरू सबै देशमा लागू हुन्छन । जातीय विभेद निषेध गर्नुपर्ने कुरा यसैपनि राज्यहरुकालागि अन्तराष्ट्रिय प्रथाजनित नियमको रुपमा बाध्यकारी देखिन्छ । त्यसका अलावा नेपालले थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूको अनुमोदन पनि गरेको छ । यस मार्फत समानता तथा अविभेदको सिद्धान्तलाई सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। विभेदलाई निषेध गर्ने तथा समानताको वकालत गर्ने नेपाल पक्ष भएका त्यस्ता दस्तावेजहरूमाः नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको उन्मूलनसम्बन्धी महासन्धि, बालअधिकार महासन्धि र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिहरु महत्वपूर्ण मानिएका छन् ।

राष्टिय तथा अन्तराष्टिय स्तरमा विभिन्न दस्तावेजहरूलाई अनुमोदन गरेर नेपालले राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियत लगायत कुनै पनि आधारमा फरक व्यवहार र विभेदलाई मान्यता नदिने तथा विना भेदभाव तिनमा भएका अधिकारहरूलाई आफ्नो क्षेत्रभित्र प्रत्याभूति गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। सन् १९७१ मा नेपालले अनुमोदन

CamScanner

गरेको सबै प्रकारका जातीय विभेदहरूको उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (जातीय विभेद विरुद्धको महासन्धि)[1]ले "जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि विभेद, बहिष्करण, प्रतिबन्ध वा प्राथमिकता"[2]लाई निषेध गर्नुका साथै अविभेदका सिद्धान्तमा आधारित राज्यका दायित्वहरू निर्धारीत गरेको छ। महासन्धीले कुनैपनि स्वरुपको जातीय भेदभावको औचित्य स्थापित हुन नसक्ने कुरालाई आत्मसात गर्दै जातीयविभेद विरुद्धको अधिकारलाई निरपेक्ष रुपमा प्रत्याभूत गर्दछ । जातीय भेदभाव विरुद्धको महासन्धी जातीय भेदभावका विभिन्न रुपहरुलाई उन्मूलन गर्न तथा जातीहरुबीच समझदारी प्रबर्द्धन गर्दै जातीय भेदभाव रहित अन्तरराष्ट्रिय समुदाय निर्माण गर्न सहमत भई तयार भएको दस्तावेज हो । यस महासन्धीले जातीय भेदभावको परिभाषित गर्दै राज्य पक्षलाई आफ्नो क्षेत्राधिकारको ईलाकामा यस्ता सबै प्रकारका व्यवहारको रोकथाम, निषेध तथा उन्मूलन गर्ने जिम्मेवारी प्रदान गरेको छ ।

## २.२. सवैधानिक व्यवस्था :

नेपालको संविधान (२०७२) को प्रस्तावनामा ... वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी ... समतामूलक समाजको निर्माण गर्ने ... मौलिक हक अर्न्तगत धारा (१६) को उपधारा (१) ले 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ' भन्ने व्यवस्था गरेको छ भने धारा (१७) ले स्वतन्त्रताको हक अर्न्तगत उपधारा (१) मा 'कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन' भन्ने व्यवस्था गरेको छ । धारा (१८) ले समानताको हकको प्रत्याभूति गरेको छ । त्यसगरी धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्दको हक[3]को व्यवस्था गर्नुका साथै उक्त उपधारा (५) मा यस धाराको प्रतिकुल हुनेगरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भिर सामाजिक अपराधकारुपमा कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पिडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति प्राप्त गर्ने हक समेत संबिधानले सुनिश्चित गरेको

---

[1]जातीय विभेदको अन्त्य गर्ने दिशामा संयुक्त राष्ट्र संघीय महासभाले महत्वपूर्ण कदमको रुपमा सबै किसिमका जातीय भेदभाव विरुद्धको अन्तराष्ट्रिय महासन्धी १९६५ लाई २१ डिसेम्बर १९६५ मा पारित भएको थियो । यस महासन्धीको धारा १९ अनुसार १४ जनवरी १९६९ देखि लागु भएको थियो । नेपालले सन् १९७१ को जनवरीमा नै यस महासन्धीलाई अनुमोदन गरेको थियो ।

[2]सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (१९६५), धारा १ ।

[3]उपधारा (१) कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवशाय वा शारिरिक अवस्थाको आधारमा कुनैपनि निजि तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिनेछैन ।

देखिन्छ । धारा ४० मा दलितको हक अर्न्तगत उपधारा (१) मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरेको छ ।

**२.३. जातीय विभेद तथा छुवाछूतसम्वन्धी विद्यमान कानून :**

जातीय विभेद तथा छुवाछूतसम्वन्धी निम्न कानूनी व्यवस्था विद्यमान छन् ।

**(क) जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ :**

यस ऐनको दफा ३ मा जातीय भेदभाव तथा छुवाछूत गर्न नहुने, दफा ४ मा जातीय भेदभाव तथा छुवाछूतजन्य कार्य मानिने आधारहरु तोकिएको छ । दफा ५ मा उजुर गर्न सकिने विषय, दफा ७ मा सजायको व्यवस्था गरिएको छ । यस अर्न्तगत कसूर गर्ने व्यक्तिलाई कसूरको मात्रा अनुरसार तीन महिनादेखि तीन बर्षसम्म कैद र पचास हजार रुपैयादेखि २ लाख रुपैयासम्म जरिवानार गर्ने व्यवस्था छ । त्यसैगरी अन्य कसूरमा दुई महिनादेखि दुई बर्षसम्म कैद र बीस हजार रुपैयादेखि एकलाख रुपैंयासम्म जरिवानाको व्यवस्था गरिएको छ । छुवाछूत तथा भेदभाव गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ । ऐनको दफा ८ मा बाधा विरोध गर्नेलाई सजाय हुने व्यवस्था र दफा ९ मा क्षतिपूर्तिको व्यवस्था गरिएको छ ।जस अर्न्तगत अदालतले कसूरदारबाट पीडितलाई दुईलाख रुंयैयासम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ । साथै ऐनको दफा १० मा हदम्यादको व्यवस्था गरी यस्तो अपराध भएको मितिले तीन महिनाभित्र मुद्दा दायर गर्नुपर्ने कानूनी व्यवस्था छ भने दफा ११ मा यस ऐन बमोजिमको मुद्दा सरकारवादी हुने व्यवस्था गरिएको छ ।

**(ख) जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) नियमावली, २०७४ :**

यस नियमावलीले विशेष गरी ऐनको अधिकार प्रयोगका लागि उजुरीको प्रक्रिया र उजुरी दिन सकिने निकायको वारेमा व्यवस्था गरिएको छ । यस नियमावलीको नियम (३) मा प्रहरीमा उजुरी दिनसक्ने व्यवस्था गरिएको छ भने नियम (४) मा राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा उजुरी गर्नसकिने व्यवस्था गरिएको छ । साथै नियम (४) को उपनियम (२) मा

CamScanner

यसरी कुनै उजुरी पर्न आएमा आयोग वा स्थानीय तहले सो उजुरीको व्यहोरा कार्यालयमा अभिलेख गरी तीन दिनभित्र उजुरी दर्ता गर्नको लागि सम्वन्धित प्रहरी कार्यालयमा अनुसूचि (४) बमोजिमको ढाँचामा लेखी पठाउनुपर्ने व्यवस्था छ । त्यसैले जातीय विभेद तथा छुवाछूतका विषयमा स्थानीय तहको पनि महत्वपूर्ण भूमिका देखिन्छ ।

**(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४:**

स्थानीय सरकार सञ्चालनको महत्वपूर्ण कार्यहरुमध्ये स्थानीय सेवा प्रवाह र कानून कार्यान्वयनका लागि संघीय र प्रदेश सरकारबाट जारी भएका कानून कार्यान्वयनका लागि समेत महत्वपूर्ण भूमिका रहन्छ । यसका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ (२) को देहाय (ग) को (३०) मा वडाभित्र आर्थिक तथा सामाजिकरुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समूदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्वन्धी कार्य गर्ने जिम्मेवारी स्थानीय सरकारको भूमिकामा रहेको छ ।

## परिच्छेद तीन

## परिकल्पना, लक्ष्य तथा उद्देश्य

**३.१. परिकल्पना**

**"शुद्योधनगाउँ पालिकाको चाहना, समानता युक्त समृद्ध समाज हाम्रो कामना"**

**३.२.लक्ष**

आगामी ५ वर्ष भित्र

क. जातीगत विभेदको अन्त्य हुने छ

ख. जाती, क्षेत्र, लिंगका आधारमा हुने सबै प्रकारका छुवाछुत अन्त्य हुने छ ।

ग. पालिका भित्र जातीय आधारमा कुनै प्रकारका विभेदहरुको अन्त्य भएको हुनेछ ।

**३.३. उद्देश्यहरु**

CamScanner

क. विभिन्न जातीहरु बिचको जातीय विभेद र असमानताको अन्त्य गर्ने ।

ख. विभिन्न धार्मिक तथा सामाजिक स्थलहरुमा हुने विभेदको अन्त्य गर्ने

ग. जातीय विभेद तथा छुवाछुत गर्ने व्यक्तिलाई कानूनि दायरामा ल्याउने

घ. पालिका अन्तरगत सबै नागरिकहरुलाई जातीय विभेदको आवश्यकता र औचित्यताका बारेमा सचेत पार्ने ।

## २.३. छुवाछुत मुक्त पालिका घोषणाका लागि गरिने मुख्य कृयाकलापहरु

शुद्योधनपालिकालाई छुवाछुत मुक्त घोषणा गर्नका लागि देहाय बमोजिमका निरोधात्मक तथा उपचारात्मक कृयाकलापहरु सञ्चालन गरिने छ,

क.धार्मिक समुदायहरुका धर्म गुरुहरु बीच आवश्यक छलफल तथा परिचालन गर्ने ।

ख. पालिका भित्रका युवा तथा किशोरी संस्था सञ्लालहरुलाई क्षमता विकास गरि सचेनताका लागि परिचालन गर्ने

ग. विभिन्न जाती तथा वर्ग लिंगका व्यक्तिहरुहरु सम्मलित सहभोज कार्यक्रम आयोजना गर्ने ।

घ. विभिन्न राजनैतिक दलहरुका संगठनहरुको क्षमता विकास गरि परिचालन गर्ने ।

ङ. विभिन्न पर्चा तथा सन्देशमुलक पर्चा सामाग्रीहरु उत्पादन तथा वितरण गर्ने

च. रेडियो तथा अन्य सञ्चार माध्ययमहरुमार्फत सचेतना कार्यक्रम सञ्चालन गर्ने

छ. छुवाछुत गर्ने व्यक्ति परिवार वा व्यक्तिलाई कानूनी कारवाहिका लागि प्रहरि तथा अन्य सरोकारवालाहरुको परिचालन गर्ने ।

ज. छुवाछुत तथा विभेदमुक्त अभियानमा कृयाशिल व्यक्ति तथा संघसंस्थाहरुलाई सम्मान तथा पुरस्कृत गर्ने

झ. मायादेबी पालिकालाई पूर्ण रुपमा छुवाछुत मुक्त भएको घोषणा गर्ने ।

## २.४. छुवाछुत मुक्त पालिका घोषणाका लागि अवलम्बन गरिने मुख्य रणनीतिहरु

शुद्योधनपालिकालाई छुवाछुत भएको घोषणाका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ,

CamScanner

क. वडा स्तरमा वडा छुवाछुत मुक्तवडाका लागि सरोकारवालाहरु बीच भेला गराई वडा निगरानी समिति गठन गरिने छ

ख. पालिका भित्र रहेका विभिन्न सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरु बीच पालिका निगरानी सतिति गठन गरिने छ,

ग. छुवाछुत मुक्तपालिका निमार्णका लागि निरोधात्मक तथा प्रवर्धनात्मक कृयाकलापहरु सञ्चालन गरिने छ ।

घ. पालिका अन्तरगत कृयाशिल विभिन्न सामाजिक संघसंस्थाहरु, नीजि क्षेत्र, विद्यालयहरु, राजनैतिक दलका सम्बन्धित भातृसंगठन तथा संस्थाहरु परिचालन गरिने छ ।

ङ. सार्वजनिक पद धारणगरेका व्यक्तिहरुलाई उदाहरणिय रुपमा प्रस्तुत हुन उत्पेरित गरिने छ ।

च. सचेनामूलक कार्यक्रम सञ्चालनका लागि विशेष जोड दिईने छ ।

ज. विभेद तथा छुवाछूत अन्त्यका लागि सून्य सहनशीलताको सिद्दान्त विद्यमान नीति, कानूने प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र पहल गर्ने,

झ जातीय विभेद तथा छुवाछूतका घटनाका पीडितलाई कानूनी सहायता आवश्यक परेको अवस्थामा राज्यका अन्य निकायसँगको समन्वयमा उक्त सहायताका लागि समन्वय र सहयोग गर्ने,

ञ. दलित समूदायको चेतना अभिवृद्धि, क्षमता विकास, शिक्षा, आय आर्जन तथा रोजगारीमा विशेष सहुलित तथा सहभागितामा जोड दिने ।

## परिच्छेद चार

## छुवाछुतमुक्त पालिका घोषणाका प्रकृयाहरु

४.१.छुवाछुतमुक्त पालिका घोषणाका लागि अवलम्बन गरिने प्रकृयाहरु

छुवाछुत पालिका घोषणाका लागि देहायका विधि तथा प्रकृयाहरु अवलम्बन गरिने छ,

क. सरोकारवालाहरुको भेला आयोजना गरि पालिका स्तरीय छुवाछुत मुक्त पालिका घोषणा समिति गठन गरि जिम्मेवारी प्रदान गरीने छ ।

मनिषा

कृ० अनिता

मुनिता

CamScanner

ख. वडा स्तरमा छुवाछुत मुक्त पालिका घोषणा समिति गठन गरी परिचालन गरिने छ ।

ग. छुवाछुत हुने समुदाय जाती तथा बर्गको विश्लेषण गरी पालिकाको सूचना संकलन गरिने छ ।

घ. वडा स्तरमा गठित समूहले वडाका सबै बस्तीहरुको अनुगमन गर्ने छ र छुवाछुत भएको नभएको अनुगमन गर्ने छ ।

ङ. सबै बस्तीहरुमा छुवाछुत नभएको सूचना प्राप्त भएको अवस्थामा वडालाई छुवाछुत मुक्त घोषणा गरिने छ ।

च. सबै वडाहरु घोषणा भए पश्चात विशेष समारोह सहित पालिका छुवाछुत मुक्त पालिका घोषणा गरिनेछ ।

छ. घोषणा पश्चात पनि यसको नियमित निगरानी गरिने छ ।

**४.२. छुवाछुत मुक्त पालिकाका लागि निमार्ण गरिने विभिन्न संरचनाहरु र तिनको भूमिका**

४.२.१.छुवाछुत मुक्त पालिका घोषणाकालागि शुद्दोधनगाउँपालिका अन्तरगत देहाय बमोजिमका विभिन्न संरचनाहरु गठन गरि परिचालन गरिने छ ।

क. गाउँ पालिका स्तरमा छुवाछुत मुक्त पालिका निर्देशन समिति गठन गरि परिचालन गरिने छ । यस समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन् ।

१. संयोजक गाउँपालिकाको अध्यक्ष १ जना

२. सदस्य वडा अध्यक्षहरु मध्येवाट १ जना सदस्य

३. सदस्य कार्यपालिका सदस्यहरु मध्येवाट १ जना

४. सदस्य सामाजिक विकास समितिको संयोजक १ जना

५. सदस्य कार्य पालिका सदस्यहरु मध्येवाट दलित सदस्य १ जना

६. सदस्य गैर सरकारी संस्थाको प्रतिनिधि १ जना

७. सदस्य सचिव सामाजिक विकास शाखा प्रमुख १ जना

CamScanner

साथै यस समितिमा आमन्त्रित सदस्यहरुको रुपमा विभिन्न दलहरुका प्रतिनिधिहरु तथा विद्यालय व्यवस्थापन समितिकाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिने छ।

### ४.२.२. निर्देशन समितिको मुख्य जिम्मेवारी

क. शुद्धोधनगाउँ कार्यपालिमा छुवाछुत मुक्तपालिका घोषणा मार्गदशन तर्जुमा गरि पारीत गर्नका लागि अगुवाई गर्ने ।

ख. आवश्यकतानुसार निर्देशक समितिको बैठक आयोजना गर्ने

ग. वडास्तरमा समितिहरु गठन गरी अभिमूखिकरण गर्ने

घ. विभिन्न सहयोगी निकायहरु बीच समन्वय तथा सहकार्य गर्ने

ङ. आवश्यक साधन साधन तथा स्रोतहरुको पहिचान तथा परिचालन गर्ने

च. बैठकले प्रदान गरेका जिम्मेवारीहरु पुरा गर्ने

### ४.२.४. अनुगमन तथा मुल्यांकन समिति

गाउँ पालिका उपाध्यक्षको अगुवाईमा देहाय बमोजिमको अनुगमन तथा मुल्याअंकन समिति गठन गरिन जिम्मेवारीप्रदान गरिने छ,

| | | |
|---|---|---|
| १. गाँउ पालिका उपाध्यक्ष | संयोजक | १जना |
| २. वडा महिला सदस्यहरुवाट निर्देशक समितिले सिफारीस गरेको सदस्य | | १ जना |
| ३. स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि सदस्य | | १ जना |
| ४. सिद्धार्थ सामाजिक विकास केन्द्रको प्रतिनिधि सदस्य | | १ जना |
| ५. स्थानीय मिडिया हाउसको प्रतिनिधि सदस्य | | १ जना |

### ४.३.अनुगमन तथा मुल्यांकन समितिका मुख्य जिम्मेवारी

अनुगमन तथा मुल्यांकन समितिले देहाय बमोजिमका जिम्मेवारी वहन गर्नु पर्ने छ

क. छुवाछुत भएको नभएको टोलहरुमा भ्रमण गरि आवश्यक सूचनाहरु संकलन गर्ने

ख. छुवाछुत भै भैरहेका टोल जाती तथा समुदायका बारेमा आवश्यक सूचना संकलन गरि निर्देशक समितिलाई उपलब्ध गराउने

ग. वठा निगरानी समितिहरुलाई आवश्यक पृष्ठपोषण तथा समन्वय गर्ने

घ. छुवाछुत नभएका वडाहरुलाई छुवाछुत मुक्त वडाघोषणाका लागि सिफरीस गर्ने

ङ. निर्देशक समितिले प्रदान गरेका अन्य जिम्मेवारीहरु पुरा गर्ने

### ४.४. वडा छुवाछुत निगरानी समिति गठन:

वडाहरुलाई छुवाछुत मुक्त पालिका बनाउनका लागि देहाय बमोजिमको निगरानी समिति गठन गरि जिम्मेवारी प्रदान गरिने छ,

| | | |
|---|---|---|
| क. संयोजक : | सम्बन्धित वडा अध्यक्ष | १ जना |
| ख. सदस्य | महिला वडा | १ जना |
| ग. सदस्य | दलित महिला | १ जना |
| घ. सदस्य | दलित संस्थाहरुको प्रतिनिधि | १ जना |
| ङ. सदस्य | युवाक्लवका प्रतिनिधि | १ जना |
| च. सदस्य | किशोरी समूह सञ्जाल प्रतिनिधि | १ जना |
| छ. सदस्य | वडा निगरानी समितिले मनोनयनका न्यूनतम १ जना महिला सहित | २ जना |
| ज. सदस्य सचिव | वडा सचिव , बडा कार्यालय | १ जना |

### ४.५. वडा छुवाछुत निगरानी समितिको मुख्य जिम्मेवारी:

वडालाई छुवाछुत मुक्त बनाउनका लागि वडा निगरीनीको समितिको जिम्मेवारी देहायबमोजिम रहेका छन् ,

क. छुवाछुत हुने समुदाय क्षेत्र तथा जातीहरुका वारेमा आवश्यक सुचनाहरु संकलन गर्ने ।

ख. वडा भित्र रहेका विभिन्न संस्थाहरु समूह तथा निकायहरु बीच समन्वय गर्ने

ग. छुवाछुत गर्ने व्यक्तिहरुको पहिचान गरि आवश्यक सचेनाका कार्यक्रमहरु सञ्चालन गर्ने

घ. वडा भित्रका विभिन्न समुदायमा नियमित अनुगमन तथा अवस्थाको वारेमा जानकारी लिने ।

ङ. छुवाछुत र जातीय विभेदका बारेमा जनचेतना फैलाउने

च. छुवाछुत गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाहिका लागि सहयोग गर्ने ।

छ. छुवाछुत वडा घोषणाका लागि आवश्यक प्रकृया शुरु गरि घोषणा गर्ने

ज. पालिका स्तरीय निर्देशक समितिले प्रदान गरेका जिम्मेवारीहरुलाई पुरा गर्ने ।

### ५.६. विविध

यस मार्गदर्शनको व्याख्या गर्ने अधिकार शुद्धोधनगाउ कार्यपालिकालाई हुने छ र आवश्यक शंसोधन गर्नु परेमा कार्यपालिकाको वैठकले गर्न सक्ने छ ।



CamScanner